# सम्पादकीय

## तिलोत्तमा गोल्डकप बुटवलको गौरव

नेपाली खेल जगतको पूरानो र प्रतिष्ठित तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिताको २३औं संस्करण चैत ९ गतेदेखि हुँदैछ। तिलोत्तमा गोल्डकप बुटवलको प्रतिष्ठा हो, बुटवलको गौरव हो। बुटवलसँग जोडिएको यो प्रतियोगितालाई उप-महानगरपालिकाले बिगतदेखि नै अपनत्व लिएर सफल पार्न सहयोग गर्दै आएको छ। उप-महानगरपालिकाको मात्रै नभएर बुटवलवासीको गौरव हो।

तिलोत्तमा गोल्डकपले स्थानीय फुटबल खेलाडीको प्रतिभा विकास गर्न सघाउ पुऱ्याएको छ। वसन्त गौचनलगायत धेरै राष्ट्रिय खेलाडी तिलोत्तमा गोल्डकपका उत्पादन हुन्। खेल पर्यटन प्रवर्द्धन गर्न पनि यसले टेवा पुऱ्याएको छ। पछिल्ला वर्ष खेल पर्यटनको राम्रो संभावना देखिएको छ। बुटवलको होटल व्यवसायलाई चलायमान बनाउन गोल्डकपले सघाउ पुऱ्याउने छ।

तिलोत्तमा गोल्डकपको इतिहास जति स्वर्णीम छ, यसको विगतलाई बुझेर यसलाई नियमित गर्न किन रूपन्देही जिल्ला फुटबल संघले सकिरहेको छैन ? बुटवल उप-महानगरपालिकाले नियमित गराउन किन सकेको छैन ? अहिले उठेको प्रश्न हो यो। बुटवल उप-महानगरपालिकाले पूर्णतः अपनत्व लिएर रूपन्देही जिल्ला फुटबल संघलाई तिलोत्तमा गोल्डकप वर्षेनी सञ्चालन गर्न प्रोत्साहन गर्नुपर्छ। विस २०३३ सालमा सुरु भएको प्रतियोगिता आरम्भताका जसरी नियमित बिचमा नियमित हुन सकेन्। तिलोत्तमा गोल्डकपलमा देशभरका उत्कृष्ट टिम सहभागी हुने र फुटबलका दर्शक यहाँ आउने भएकाले प्रतियोगिता हुञ्जेल यहाँ हुने चहलपहलको लाभ यहाँको होटल व्यवसायले लिन्छ। समग्रमा यहाँको आर्थिक गतिविधि चलायमान बनाउन यो प्रतियोगिताले सघाउ पुऱ्याउँछ। अहिले प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताका सबै खेल लुम्बिनीका तीन रंगशालामा भइरहेका छन्। एक्ट्राटेक ओभल तिलोत्तमा, सिद्धार्थ रंगशाला भैरहवा र लमही रंगशालामा चैत १६ गतेसम्म हुने खेलले लुम्बिनी प्रदेशलाई उत्साहित बनाएको छ। यहाँ खेल्न आएका खेलाडी, प्रशिक्षक, रेफ्री र दर्शकले यहाँको चहलपहल बढाएको छ। सीमावर्ती भारतीय शहरहरुबाट दर्शक ल्याउन सक्दा अझैं फाइदा लिन सक्छौं। स्थानीय दर्शक मात्रै नभएर भारतीय दर्शक ल्याउन आयोजकले ध्यान दिनुपर्छ।

खेलकुद विकासको अभिंग अंग मानिनुपर्छ। नागरिक स्वस्थ हुन शारीरिक, मानसिक र सामाजिक रूपमा स्वस्थ हुनुपर्छ। यी मध्ये कुनै एकमा कमजोर नागरिकलाई स्वस्थ मानिदैन। खेलकुदले शारीरिक, मानसिक र सामाजिक रूपमा स्वस्थ नागरिक तयार पार्ने भएकाले राज्यले नै पूर्वाधार विकास र प्रवर्द्धनमा प्राथमिकता दिनुपर्छ।

## २०.६८ अंकले घट्यो



काठमाडौं। सेयर बजार परिसूचक (नेप्से) सोमबार छैटौं दिन पनि घटेको छ। अघिल्लो हप्तादेखि घट्न थालेको नेप्से साताको दोस्रो दिन सोमबार २०.६८ अंकले घटेको हो।

योसँगै बजार परिसूचक २७५१.४२ विन्दुमा ओर्लिएको छ। बजारमा ८ अर्ब ३७ करोड रुपैयाँ बराबरको कारोबार भयो। अघिल्लो दिन १० अर्ब रुपैयाँको कारोबार भएको थियो।

बजारमा ४४ कम्पनीको मूल्य बढेको छ। १९२ कम्पनीको मूल्य घटेको छ भने बाँकी ८ कम्पनीको मूल्य स्थिर रहेको छ। बजारमा नेप्डो लघुवित्त, गार्डियन लाइफ र विन नेपाल लघुवित्तको शेयर ८ प्रतिशतभन्दा धेरैले बढेको छ। त्यस्तै, उपकार लघुवित्त र सिक्लेस हाइड्रोपावरको सेयर सबैभन्दा धेरैले घटेको छ।

बजारमा अन्य समूह बाहेक सबै समूहको सूचक घटेको छ। हाइड्रोपावर, इन्भेष्टमेन्ट, म्यानुफ्याक्चरिङ र ट्रेडिङ समूहमा १ प्रतिशतभन्दा धेरैको गिरावट देखिएको छ। बढेको अन्य समूहमा झिनो वृद्धि मात्रै देखिएको छ। कारोबार रकमका आधारमा पनि नेपाल पुनर्बिमा कम्पनी र हिमालयन रिइन्स्योरेन्सको ७३/७३ करोड रुपैयाँको कारोबार भयो। कारोबार संख्याका आधारमा भने गार्डियन लाइफ इन्स्योरेन्स अगाडि रह्यो भने कारोबार भएको सेयर संख्याका आधारमा घलेम्दी हाइड्रोवापर अगाडि रह्यो।

# मध्यविन्दु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा) को बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/११/२७)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) र (६४) ले दिएको अधिकार प्रयोग गरी यस मध्यविन्दु नगरपालिका, नवलपरासी (बर्दघाट सुस्तापूर्व) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमती बमोजिम नदीजन्यप दार्थ (ढुङ्गा, गिट्टी, बालुवा) बाट राजश्व असुली सम्बन्धी काम आ.व.०८१/०८२को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। मिति२०८१/१२/२८गते १२:०० बजे भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म कम्पनीहरुले www.madhyabindumun.gov.np तथा www.bolpatra.gov.np/egp बाट बोलपत्र Download गरी देहायको मिति र समय भित्र बोलपत्र www.bolpatra.gov.np/egp मा Upload गर्नु पर्नेछ। अन्य जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**तपसिल:**

### गिरुबारी खण्ड

| सूचना/ बोलपत्र नं. | क्षेत्र/ नाकाहरुको नाम | उत्तरी आक्षाँश | पूर्वी देशान्तर | उत्खनन् परिमाण घ.मि. | न्यूनतम बोलपत्र रकम (VAT)र अग्रिम आय कर बाहेक | धरौटी रकम कबोल अंकको ५% | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| ०१/०८१/८२-MB | सिमरा खण्ड–क | २७°३४'९.६१" देखि २७°३४'१८.४२" | ८३°५९'५२.०२" देखि ८३°५९'५५.०६" | १४५०० | ४,६०८,६०८ | | ३०००/ |
| ०२/०८१/८२-MB | सिमरा खण्ड–ख | २७°३४'३१.९१" देखि २७°३४'२४.६४" | ८४°०'३.५०" देखि ८४°०'१.७०" | ८९१० | २,८३१,९१० | | ३०००/ |
| ०३/०८१/८२-MB | टिकुली टार खण्ड | २७°३४'४५.८१" देखि २७°३४'३३.८९" | ८४°०'११.५६" देखि ८४°०'४.५१" | ३४०२० | १०,८१२,७४७ | | ३०००/ |
| ०४/०८१/८२-MB | रानी टार खण्ड | २७°३४'५६.१९" देखि २७°३४'५९.७७" | ८४°०'१७.०४" देखि ८४°०'१२.३८" | ६९५४ | २,२१०,२२५ | | ३०००/ |
| ०५/०८१/८२-MB | भिट्टा खण्ड–क | २७°३४'५६.१९" देखि २७°३४'४९.५७" | ८४°०'१७.०४" देखि ८४°०'११.९१" | २८८० | ९१५,३६५ | | ३०००/ |
| ०६/०८१/८२-MB | भिट्टा खण्ड–ख | २७°३५'५.६९" देखि २७°३५'०.८६" | ८४°०'२०.२०" देखि ८४°०'१५.२४" | ३६०० | १,१४४,२०६ | | ३०००/ |
| ०७/०८१/८२-MB | भागरा खण्ड–क | २७°३७'८.६५" देखि २७°३७'१३.८१" | ८४°०'४२.८२" देखि ८४°०'३६.६०" | ८४६० | २,६८८,८८४ | | ३०००/ |
| ०८/०८१/८२-MB | भागरा खण्ड–ख | २७°३७'१४.१९" देखि २७°३७'२०.८०" | ८४°०'३४.२३" देखि ८४°०'२२.३६" | २५२७२ | ८,०३२,३२६ | | ३०००/ |
| ०९/०८१/८२-MB | झाङ्गटा खण्ड–क | २७°३७'३३.१८" देखि २७°३७'४१.६७" | ८४°०'१८.९९" देखि ८४°०'१८.११" | १०५०० | ३,३३७,२६८ | | ३०००/ |
| १०/०८१/८२-MB | झाङ्गटा खण्ड–ख | २७°३७'४३.०३" देखि २७°३७'५५.६०" | ८४°०'१५.८५" देखि ८४°०'१४.७९" | १६८७२ | ५,३६२,५१२ | | ३०००/ |
| ११/०८१/८२-MB | रातो पहरा खण्ड | २७°३८'१३.४८" देखि २७°३८'२५.३६" | ८४°०'४.५८" देखि ८४°०'३.५५" | ८८८० | २,८२२,३७५ | | ३०००/ |
| १२/०८१/८२-MB | सिम्ले खण्ड | २७°३८'३४.०९" देखि २७°३८'४६.४७" | ८४°०'४.९५" देखि ८४°०'८.९०" | १७२२० | ५,४७३,११९ | | ३०००/ |
| १३/०८१/८२-MB | सिम्रेनी भिम्रेनी खण्ड ख | २७°३९'४४.४६" देखि २७°३९'४९.४०" | ८४°१'१४.३५" देखि ८४°१'२३.२०" | १२२९६ | ३,९०८,०९९ | | ३०००/ |
| १४/०८१/८२-MB | बसन्तपुर-हुप्सेकोट सिमाना खण्ड क | २७°३९'५०.७१" देखि २७°३९'५६.९९" | ८४°१'२४.२९" देखि ८४°१'३४.५७" | २३४६० | ७,४५६,४०९ | | ३०००/ |

### अरुणखोला खण्ड

| सूचना/ बोलपत्र नं. | क्षेत्र/ नाकाहरुको नाम | उत्तरी आक्षाँश | पूर्वी देशान्तर | उत्खनन् परिमाण घ.मि. | न्यूनतम बोलपत्र रकम (VAT)र अग्रिम आय कर बाहेक | धरौटी रकम कबोल अंकको ५% | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १५/०८१/८२-MB | गरमटोला खण्ड | २७°३४'४६.९०" देखि २७°३५'३.९५" | ८३°५७'४१.१७" देखि ८३°५७'३९.२८" | ३४६५० | ११,०१२,९८३ | | ३०००/ |
| १६/०८१/८२-MB | माथिल्लो भ्युरान खण्ड | २७°३५'९.५३" देखि २७°३५'२६.३४" | ८३°५७'३९.५४" देखि ८३°५७'३०.६६" | ३५०४६ | ११,१३८,८४५ | | ३०००/ |
| १७/०८१/८२-MB | फोहोरमैला खण्ड | २७°३५'३०.४४" देखि २७°३५'४१.९५" | ८३°५७'२९.४७" देखि ८३°५७'३४.५९" | १९३८० | ६,१५९,६४२ | | ३०००/ |
| १८/०८१/८२-MB | माथिल्लो कुसुन्डे खण्ड | २७°३५'४५.३४" देखि २७°३५'५६.८३" | ८३°५७'३५.३७" देखि ८३°५७'३२.५३" | १०९२० | ३,४७०,७५८ | | ३०००/ |
| १९/०८१/८२-MB | रातोपहरा खण्ड | २७°३७'२६.४६" देखि २७°३७'३९.०८" | ८३°५७'२१.०६" देखि ८३°५७'२५.८७" | ९९६० | ३,१६५,६३७ | | ३०००/ |
| २०/०८१/८२-MB | दाद्रा खण्ड | २७°३८'१९.००" देखि २७°३८'२८.३२" | ८३°५७'१९.६७" देखि ८३°५७'२५.६४" | १६५६० | ५,२६३,३४८ | | ३०००/ |
| २१/०८१/८२-MB | खयरसाल खण्ड–क | २७°३८'४५.६४" देखि २७°३८'५८.६३" | ८३°५७'२७.६३" देखि ८३°५७'२३.३०" | २७८६४ | ८,८५६,१५४ | | ३०००/ |
| २२/०८१/८२-MB | खयरसाल खण्ड–ख | २७°३९'८.६१" देखि २७°३९'१८.६१" | ८३°५७'२५.०२" देखि ८३°५७'२५.०२" | २१६०० | ६,८६५,२३६ | | ३०००/ |
| २३/०८१/८२-MB | खयरसाल खण्ड–ग | २७°३९'२०.८७" देखि २७°३९'२६.९८" | ८३°५७'२४.०१" देखि ८३°५७'१८.७४" | १४५२० | ४,६१४,९६४ | | ३०००/ |
| २४/०८१/८२-MB | खयरसाल खण्ड–घ | २७°३९'२८.३७" देखि २७°३९'४३.३१" | ८३°५७'२१.३६" देखि ८३°५७'१०.६५" | ३४७२० | ११,०३५,२३१ | | ३०००/ |
| २५/०८१/८२-MB | स्कुल टाँडी खण्ड | २७°३९'४७.३६" देखि २७°३९'५८.९२" | ८३°५७'९.३१" देखि ८३°५७'१.६४" | ३४४४० | १०,९४६,२३७ | | ३०००/ |
| २६/०८१/८२-MB | कोटथर खण्ड | २७°३९'५९.९८" देखि २७°४०'७.३९" | ८३°५७'१.०३" देखि ८३°५६'५३.७०" | ३०२४० | ९,६११,३३० | | ३०००/ |
| २७/०८१/८२-MB | द्वारदह खण्ड क | २७°४०'८.९९" देखि २७°४०'२७.२१" | ८३°५६'५१.२२" देखि ८३°५६'४५.७५" | ३५४०० | ११,२५१,३५९ | | ३०००/ |
| २८/०८१/८२-MB | द्वारदह खण्ड ख | २७°४०'३२.३६" देखि २७°४०'४१.५२" | ८३°५६'४५.३०" देखि ८३°५६'४७.७२" | १२६०० | ४,००४,७२१ | | ३०००/ |
| २९/०८१/८२-MB | चारघरे नाका खण्ड | २७°४३'६.२९" देखि २७°४३'९.५९' | ८३°५६'३५.६२" देखि ८३°५६'२७.८२" | ३५२५ | १,१२०,३६८ | | ३०००/ |

शर्तहरु :

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र,आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि, बोलपत्र फाराम बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लिमिटेड , चोरमारा शाखामा रहेको यस कार्यालय को आन्तरिक राजश्व खाता नं. ३१८०३०००००१००१०००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले २०८०/१२/२८ गते १२:०० बजेसम्म विधुतीय माध्यमबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सम्बन्धि कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छातोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक दिन पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धि फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड , चोरमारा शाखामा रहेको धरौटी खाता नं. ३१८०३००००००३००१०००००१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनको म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (बिड बण्ड)सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम ठेगाना,कामको विवरण,बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइलल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले २०८१/१२/२८ गतेका दिन दिनको १२:०० बजे भित्र विधुतीय माध्यमबाट बोलपत्र प्रति दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २०८१/१२/२८ गते १:०० बजे पछी विभिन्न कार्यालयको प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालय खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। ऊक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरीनेछ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघि रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र स्विकृत भएमा सोको सुचना पाएको वा सुचना टाँस भएको मितिले १५ दिनभित्र मु.अ.क. दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ साल असार मसान्त सम्म म्याद सहित जारी बैंक ग्यारेन्टी (परफमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकमजेष्ट १५ भित्र अनिवार्य बुझाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरीनेछ। यस नगरपालिकाको नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र परीमाणका सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन,२०७४,सम्बन्धित स्थानिय तहबाट जारी भएका कानुन,प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौता अभिन्न अंग मानिनेछ।

**ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. ठेक्का अवधि पट्टा पत्र पाएको मिति देखि २०८२ साल जेठ मसान्तसम्म रहनेछ। तर ठेक्कामा माल समानको परिमाण यकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा संकलन पूरा भएमा उत्खनन् कार्य बन्द गरिने छ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन। यकिन भएको परिमाण भन्दा बढी परिमाणविक्री निकासी गरेको भेटिएमा बढी भएको परिमाणको थप रकम कबोल दर अनुसार नगरपलिकामा भुझाउनु पर्ने छ। (IEE)प्रतिवेदनले उल्लेख गरेको परिमाण भन्दा बढी र निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइनेछैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ।

२. धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

३. ठेक्का सम्झौता भए पश्चात प्रत्येक महिना उत्खनन र विक्रि वितरण गरिएको यथार्थ परिमाण खुलाइ नगरपालिकामा विवरण पेश गर्नु पर्ने छ।

४. ठेक्का कबोल गर्ने फर्म वा कम्पनीले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु फर्म वा कम्पनिले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ। माथि उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्री तथा निकासी आय खातामा मू.अ.क. को हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा नगरपालिकामा बुझाउँनुपर्नेछ।

५. ठेक्कामा कुनै विवाद भएमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

६. नगरपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको फर्मको बोलपत्र स्वीकृत हुनेछैन।

७. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र र कागजात पेश गर्नुपर्नेछ।

८. ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा वसी संकलन गर्न पाईने छैन।

९. नदिजन्य पदार्थको उत्खनन विहान सूर्योदय देखि वेलुका सुर्यास्तसम्म मात्र गर्न पाइने छ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौंता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१२. ढुंगा, गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१३. नदिजन्य पदार्थलाई घाटगद्धि नगरपालिकावाट स्वीकृत लिइ गर्नु पर्नेछ, नदिजन्य पदार्थलाई घाटगद्धि गरेर परिमाण नापजांच गरि मात्र बिक्रि वितरण गर्नुपर्ने छ।

१४. ढुंगा,गिट्टी, बालुवा रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा गण्डकी प्रदेशबाट जारी गरिएको ढुङ्गा गिट्टि, वालुवा उत्खनन, संकलन, क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी २०७५, मध्यविन्दु नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ , मध्यविन्दु नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, ढुङ्गा गिट्टि,, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, चुरे क्षेत्रमा विकास निर्माण गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा मापदण्डहरु २०७७ र अन्य प्रचलित नियमको मापदण्ड ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१६. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१७. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत
मध्यविन्दु नगरपालिका